श्री ५ को सरकार
**शिक्षा तथा खेलकुद मन्त्रालय**
**शिक्षा विभाग**
सानोठिमी, भक्तपुर

# प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालनसम्बन्धी

# निर्देशिका - २०६१

श्री ५ को सरकार

**शिक्षा तथा खेलकुद मन्त्रालय**

**शिक्षा विभाग**

सानोठिमी, भक्तपुर

प्रकाशकः
श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शिक्षा विभाग
सानोठिमी, भक्तपुर

© शिक्षा विभाग सानोठिमी, भक्तपुर, २०६१

सहयोगः
UNESCO
KATHMANDU
यूनेस्को काठमाडौं, नेपाल

# विषय - सूची


| सि.नं. | | विषय | पेज नं. |
|---|---|---|---|
| १. | परिच्छेद-१ | : प्रारम्भिक | १ |
| २. | परिच्छेद-२ | : केन्द्र तथा पूर्व-प्राथमिक विद्यालय वा कक्षा स्थापना संचालन सम्बन्धी व्यवस्था | ४ |
| ३. | परिच्छेद-३ | : अभिभावक शिक्षा कार्यक्रम संचालन सम्बन्धी व्यवस्था | ९ |
| ४. | परिच्छेद-४ | : तालिम तथा क्षमता अभिवृद्धि सम्वन्धी व्यवस्था | १० |
| ५. | परिच्छेद-५ | : राष्ट्रिय प्रारम्भिक बालविकास परिषद्, जिल्ला प्रारम्भिक बाल विकास समिति र केन्द्र व्यवस्थापन समितिको गठन | १२ |
| ६. | परिच्छेद-६ | : प्रारम्भिक बाल विकास कार्यक्रम संचालनमा विभिन्न निकायको काम, कर्तव्य र अधिकार | १५ |
| ७. | परिच्छेद-७ | : सहयोगी कार्यकर्ताको नियुक्ति, सेवाको सर्त र सुविधा सम्बन्धी व्यवस्था | २२ |
| ८. | परिच्छेद-८ | : निरीक्षण र अनुगमन सम्बन्धी व्यवस्था | २४ |
| ९. | परिच्छेद-९ | : आर्थिक व्यवस्था | २५ |
| १०. | परिच्छेद-१० | : पाठ्यक्रम र सन्दर्भ सामग्री सम्बन्धी व्यवस्था | २९ |
| ११. | परिच्छेद-११ | : सहकार्य तथा साझेदारी सम्बन्धी व्यवस्था | ३० |
| १२. | परिच्छेद-१२ | : विविध | ३१ |
| १३. | अनुसूचीहरु | | |
| | | १. प्रारम्भिक बाल विकास केन्द्र संचालनका लागि दिने निवेदन | ३३ |
| | | २. बाल विकास केन्द्र संचालन गर्न दिइने अनुमति | ३६ |
| | | ३. शिक्षा नियमावली २०५९ को नियम ६८ अनुसार केन्द्र खोल्न पुरा गर्नुपर्ने पूर्वाधार | ३७ |
| | | ४. आवद्धताको लागि दिने निवेदन | ३८ |
| | | ५. आवद्धताको प्रमाण-पत्रको ढाँचा | ३९ |
| | | ६. नमूना बाल विकास केन्द्र प्रमाण-पत्र | ४० |

# प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालनसम्बन्धी निर्देशिका
## २०६१

(श्री ५ को सरकार शिक्षा तथा खेलकुद मन्त्रालयबाट मिति : २०६१/५/८ मा स्वीकृत)

**प्रस्तावना:**

प्राथमिक कक्षामा भर्ना हुन उमेर नपुगेका बालबालिकाहरूको सर्वाङ्गीण विकास गर्ने उद्देश्यले सञ्चालित बालविकास वा शिशु विकास केन्द्र वा पूर्व-प्राथमिक कक्षा व्यवस्थितरूपले व्यवस्थापन र सञ्चालन गर्न आवश्यक भएको हुँदा शिक्षा नियमावली २०५९ को नियम १९२ खण्ड (ड) ले दिएको अधिकार प्रयोग गरी शिक्षा तथा खेलकुद मन्त्रालयले यो निर्देशिका जारी गरेको छ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :–**

(१) यस निर्देशिकाको नाम "प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका, २०६१" रहेकोछ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा:**

(१) "प्रारम्भिक बालविकास कार्यक्रम" भन्नाले प्राथमिक कक्षामा भर्ना हुनको लागि निर्धारित पाँचवर्ष उमेर पूरा भई नसकेका बालबालिकाहरूको शारीरिक, सामाजिक, संवेगात्मक र बौद्धिक विकास लगायत सर्वाङ्गीण विकासका लागि सञ्चालन गरिने 'कार्यक्रम' भन्ने सम्झनु पर्छ।

(२) "केन्द्र" भन्नाले शिक्षा नियमावली २०५९ को नियम ६७ अनुसारको शिशु विकास केन्द्रलाई सम्झनु पर्दछ। सो शब्दले बालविकास केन्द्र वा यस्तै नामबाट स्थापित बालबालिकाहरूको सर्वाङ्गीण विकासको कार्य गर्ने ४ वर्ष मुनिका बालबालिकाहरूको लागि मात्र सेवा पुऱ्याउने वा ४ वर्ष मुनिका बालबालिकाका साथै ४ देखि ५ वर्ष

उमेर समूहका बालबालिकालाई समेत सेवा पुऱ्याउने शिशु विकास केन्द्र र पूर्व प्राथमिक कक्षासहितको समुदायमा आधारित भई सञ्चालित संस्थाको एकीकृत संरचनालाई समेत सम्झनु पर्छ ।

(३) "पूर्व-प्राथमिक विद्यालय" भन्नाले शिक्षा ऐन २०२८ को दफा २ अनुसार स्थापना भएको ४ वर्ष उमेर समूहका बालबालिकाहरूका लागि पूर्व-प्राथमिक शिक्षा दिने कक्षा वा विद्यालयलाई सम्झनु पर्छ । यस वाक्यांशले विद्यालयमा आधारित भई बालबालिकाको सर्वाङ्गीण विकासको कार्य गर्ने उद्देश्यले सञ्चालित पूर्व-प्राथमिक शिक्षा मात्र दिने विद्यालय वा शिशु विकास उमेरसमूहका बालबालिकाहरूलाई समेत शिक्षा विकासमा सेवा पुऱ्याउने एकीकृत संरचनालाई समेत सम्झनु पर्छ ।

(४) "मन्त्रालय" भन्नाले शिक्षा तथा खेलकुद मन्त्रालय सम्झनु पर्छ ।

(५) "विभाग" भन्नाले शिक्षा विभाग सम्झनु पर्छ ।

(६) "संस्था" भन्नाले प्रचलित कानुनबमोजिम स्थापना भएका सरकारी वा गैरसरकारी संघ संस्था वा अन्तर्राष्ट्रिय सरकारी वा गैरसरकारी संस्था भन्ने सम्झनु पर्छ ।

(७) "संयुक्त राष्ट्रसंघ सम्बद्ध निकाय" भन्नाले संयुक्त राष्ट्रसंघसँग सम्बद्ध युनिसेफ, युनेस्को, विश्व खाद्य कार्यक्रम र यस्तै संयुक्त राष्ट्रसंघसँग नाम जोडिएका अन्य संस्था सम्झनु पर्छ ।

(८) "समुदाय" भन्नाले समाजको विकासमा क्रियाशील विभिन्न संघ संस्था वा व्यक्तिहरूको समूह सम्झनु पर्दछ । यस शब्दले स्थानीय निकाय, विद्यालय र व्यवस्थापन समितिलाई समेत जनाउँछ ।

(९) "स्थानीय निकाय" भन्नाले जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समिति सम्झनु पर्छ ।

(१०) "नगरपालिका" भन्नाले महानगरपालिका, उप-महानगरपालिका र नगरपालिकालाई समेत सम्झनु पर्छ।

(११) "अभिभावक शिक्षा" भन्नाले जन्मेदेखि ५ वर्षको प्रारम्भिक बालविकास उमेर समूहका बालबालिकाहरूको शारीरिक, सामाजिक, संवेगात्मक र बौद्धिक विकास एवम् शिक्षाप्रति अभिभावकहरूको चेतना अभिवृद्धि गरी त्यस्ता क्रियाकलापमा उनीहरूको सहभागिता बढाउने उद्देश्यले प्रत्यक्ष वा दूर शिक्षाको माध्यमबाट दिइने शैक्षिक कार्यक्रम सम्झनु पर्छ।

(१२) "घर परिवारमा आधारित बालविकास कार्यक्रम" भन्नाले आफ्नै परिवार र छिमेकका बालबालिकालाई हेरचाह गर्ने उद्देश्यले सञ्चालित कार्यक्रम भन्ने सम्झनु पर्छ।

(१३) "कार्यक्रम साझेदार संस्था वा निकाय" भन्नाले आफ्नो तर्फबाट समेत आर्थिक, प्राविधिक, मानवीय संशाधन एवं संस्थागत संरचनाको उपयोग गरी सम्झौताअनुसारको सेवा पुऱ्याउने संस्थालाई सम्झनु पर्छ।

(१४) "सहयात्री संस्था" भन्नाले सेवा प्रदान गरेवापत कुनै पनि शुल्क नलिई सहभागिताको आधारमा काम गर्ने संस्थालाई सम्झनु पर्छ।

(१५) "सहयोगी संस्था" भन्नाले सेवा गरेवापत सम्झौताको आधारमा आवश्यक शुल्क लिई काम गर्ने संस्थालाई सम्झनु पर्छ।

## परिच्छेद – २

## केन्द्र तथा पूर्व-प्राथमिक विद्यालय वा कक्षा स्थापना तथा सञ्चालनसम्बन्धी व्यवस्था

३. केन्द्र तथा पूर्व–प्राथमिक विद्यालय वा कक्षा सञ्चालन गर्न अनुमति लिनु पर्ने

(१) ३ र ४ वर्ष उमेर समूहका बालबालिकाहरूका लागि शिशु विकास केन्द्र र ४ देखि ५ वर्ष उमेर समूहका बालबालिकाहरूका लागि पूर्व-प्राथमिक कक्षा सहितको बालविकास केन्द्र, विद्यालय वा कक्षा सञ्चालन गर्न चाहने जो सुकैले पनि सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकामा अनुसूची १ बमोजिमको ढाँचामा निवेदन पेश गरी सम्बन्धित स्थानीय निकायको अनुमति लिएर मात्र कक्षा सञ्चालन गर्नु पर्नेछ ।

(२) निर्देशिकाको ३ को खण्ड १ बमोजिम केन्द्र वा पूर्व-प्राथमिक विद्यालय वा कक्षा सञ्चालन गर्न इच्छुक संघ संस्था एवम् समुदायले शैक्षिक सत्र शुरु हुनुभन्दा कम्तीमा ४ महिना अगावै सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकामा अनुसूची १ बमोजिमको निवेदन १ प्रति पेश गर्नु पर्नेछ ।

(३) गाउँ विकास समिति वा नगरपालिकाले गाउँ वा नगरको नक्साङ्कन भित्र परेका र तोकिएको पूर्वाधार पूरा गरेका निवेदकलाई मागबमोजिम केन्द्र वा पूर्व प्राथमिक कक्षा सञ्चालन गर्न अनुसूची २ बमोजिम अनुमति दिई सो को जानकारी सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा पठाउनु पर्नेछ ।

(४) यस निर्देशिका बमोजिम केन्द्र तथा पूर्व-प्राथमिक कक्षा खोल्न चाहने संस्था, समुदाय वा व्यक्तिले शिक्षा नियमावली २०५९ को नियम ६८ अनुसारको पूर्वाधार पूरा गरेको हुनु पर्नेछ । सो नियमको उतार अनुसूची ३ मा दिइएको छ ।

४. **विद्यालयले प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन गरेमा देहाय बमोजिमका सर्तहरू पालना गर्नु पर्नेछ**

आफ्नो विद्यालयमा ४ देखि ५ वर्ष उमेर समूहका बालबालिकाहरूका लागि पूर्व-प्राथमिक कक्षा र ३ देखि ४ वर्षका उमेर समूहका बालबालिकाको लागि शिशु विकास केन्द्र सञ्चालन गर्न चाहने विद्यालयले निर्देशिकाको अनुसूची ४ अनुसारको अनुमति लिई सञ्चालन गर्न सक्ने छ। परम्परागत घर, परिवार र समुदायमा आधारित बालविकास कार्यक्रमको हकमा यस व्यवस्थाअनुसार स्वीकृति लिईरहनुपर्ने छैन।

५. **आवद्धता लिने सम्बन्धमा**

(१) समुदायमा आधारित भई सञ्चालनमा रहेका शिशु विकास केन्द्र वा बालविकास केन्द्र व्यवस्थापन समितिले आफ्नो केन्द्रलाई नजिकको कुनै सामुदायिक विद्यालयसँग आवद्धता लिई सञ्चालन गर्न सक्नेछ।

(२) निर्देशिकाको ५ (१) बमोजिम आवद्धता लिई संञ्चालन गर्न चाहने केन्द्रले आफ्नो व्यवस्थापन समितिवाट निर्णय गरी आबद्धता दिने विद्यालयको सिफारिससाथ सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकामा निवेदन दिनु पर्नेछ।

(३) निर्देशिकाको ५ (२) बमोजिमको निवेदन प्राप्त भएमा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाले त्यस्तो केन्द्र र विद्यालयलाई अनुसूची २ बमोजिमको आवद्धता प्रमाणपत्र दिई सम्बन्धित जिल्ला शिक्षा कार्यालयलाई जानकारी दिनु पर्नेछ।

(४) निर्देशिकाको ५ (१) बमोजिमको आवद्धता लिएका केन्द्र वा पूर्व-प्राथमिक विद्यालयलाई श्री ५ को सरकार वा गाउँ विकास समिति वा नगरपालिका मार्फत् दिईने स्रोत, सम्बन्धित विद्यालय मार्फत् प्रवाह गरिने छ।

(५) निर्देशिकाको ५ (४) बमोजिमको केन्द्रलाई आवद्धता दिने विद्यालयले त्यस्तो केन्द्रको व्यवस्थापन समितिको स्वायत्ततामा प्रतिकूल असर

नपर्ने गरी व्यवस्थापन, सञ्चालन र क्षमता अभिवृद्धिमा प्राविधिक एवम् आर्थिक सहयोग गर्नु पर्नेछ ।

(६) आफ्नो विद्यालयमा पूर्व-प्राथमिक कक्षा वा बालविकास कार्यक्रम सञ्चालन गरिरहेका विद्यालयले देहायका सदस्य रहेको पूर्व-प्राथमिक कक्षा व्यवस्थापन उपसमिति गठन गर्न सक्ने छन् :

| | | |
|---|---|---|
| (क) | प्रारम्भिक बालविकास कार्यक्रममा सहभागी भएका बालबालिकाका अभिभावकहरू मध्ये बाट विद्यालय व्यवस्थापन समितिद्वारा मनोनित १ जना | अध्यक्ष |
| (ख) | प्रारम्भिक बालविकास तर्फका अभिभावक हरू मध्येबाट छानिएका १ जना महिला पर्ने गरी २ जना | सदस्य |
| (ग) | प्राथमिक तहमा अध्यापन गर्ने शिक्षकहरू मध्येबाट प्रधानाध्यापकद्वारा मनोनित १ जना | सदस्य |
| (घ) | सम्बन्धित सहयोगी कार्यकर्ता वा पूर्व प्राथमिक तहको शिक्षकहरुमध्येबाट प्रधानाध्यापकद्वारा मनोनित १ जना | सदस्य सचिव |

६. **प्रारम्भिक बालविकास केन्द्रको नामाकरण :**

(१) प्रारम्भिक बालविकास केन्द्रको नामाकरण देहायबमोजिम गर्न सकिनेछ –

(क) राष्ट्रिय महत्वको भौगोलिक, धार्मिक वा ऐतिहासिक स्थलको नाममा ।

(ख) राष्ट्रिय विभूति वा राष्ट्रिय् वा अन्तर्राष्ट्रिय व्यक्तित्वको नाममा ।

(ग) सञ्चालक संस्थाको नाममा ।

तर संचालक संस्था कुनै व्यक्तिको नामवाट खुलेको भएमा सो संस्थाको नाममा केन्द्र सञ्चालन गर्न निर्देशिकाको ६ (२) बमोजिमको शर्त पूरा गरेको हुनु पर्नेछ ।

(२) कुनै संस्था वा व्यक्तिले आफ्नो नाममा केन्द्र सञ्चालन गर्न चाहेमा उक्त केन्द्रको नाममा कम्तीमा एकलाख पचास हजार रुपैयांको अक्षय कोष राखी सम्बन्धित संस्था वा व्यक्तिको नामवाट त्यस्तो केन्द्र सञ्चालन गर्न वा केन्द्रको नामसँग नाम जोड्न सकिनेछ।

(३) केन्द्रको नामबाहेक आंशिकरूपमा केन्द्रको कुनै भवन वा कोठाको नाम मात्र आफ्नो नाममा राख्न चाहने व्यक्ति वा संस्थालाई केन्द्र व्यवस्थापन समितिले नै सहयोगी तोकी त्यस्तो नाम राख्ने व्यवस्था मिलाउन सक्नेछ।

**७. केन्द्र तथा पूर्व-प्राथमिक विद्यालय वा कक्षालाई श्री ५को सरकारले अनुदान उपलब्ध गराउन सक्ने:**

(१) गाउँ विकास समिति तथा नगरपालिकाले आफूले अनुमति दिएका प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक विद्यालय वा कक्षाहरू मध्ये गरिबीको चापमा परेका र पिछडिएका समुदायलाई सेवा पुऱ्याउने केन्द्र वा विद्यालयलाई श्री ५ को सरकारवाट अनुदान प्रदान गरिदिन सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा सिफारिस गर्न सक्नेछ।

(२) निर्देशिकाको ७ (१) बमोजिम सरकारी अनुदानको लागि सिफारिस गर्ने गाउं विकास समिति वा नगरपालिकाले त्यस्तो सिफारिस साथ आफ्नो क्षेत्रभित्र प्रारम्भिक बालविकास कार्यक्रमको नक्साङ्कन तथा सिफारिस गर्नु पर्नाको स्पष्ट कारण खोली पठाउनु पर्नेछ।

(३) जिल्ला शिक्षा कार्यालयले जिल्ला शिक्षा समितिमा अनुमोदन गराई निर्देशिकाको ७ (२) बमोजिम प्राप्त सिफारिसमाथि छानबिन गरी आफूलाई उपलब्ध स्रोतको आधारमा प्राथमिकीकरण गरि सो को जानकारी सम्बन्धित गाउं विकास समिति वा नगरपालिकालाई दिनु पर्नेछ।

## ८. केन्द्र सञ्चालन हुने समय र प्रति कक्षा बालबालिका संख्या

(१) केन्द्र समुदायको अनुकूलता हेरी सार्वजनिक बिदाको दिनबाहेक सामान्यतया दिनको ४ घण्टा सञ्चालन गर्नु पर्नेछ र केन्द्रको प्रति कक्षामा सामान्यतया २५ जनासम्म बालबालिका राख्न सकिनेछ ।

(२) पूर्व-प्राथमिक विद्यालय सामान्यतया ४:३० घण्टा सञ्चालन गर्नु पर्नेछ र प्रत्येक कक्षामा २५ जनासम्म बालबालिका राख्न सकिनेछ ।

## ९. नमुना केन्द्रसम्बन्धी व्यवस्था

(१) प्रारम्भिक बालविकास/शिशु विकास केन्द्रको दिगोपन, गुणस्तरीयता र कार्य प्रभावकारिताको आधारमा शिक्षा विभागले निर्धारण गरेको मापदण्डको अधिनमा रही जिल्ला शिक्षा कार्यालयले नमुना बालविकास/शिशु विकास केन्द्र छनोट गर्न सकिनेछ ।

(२) निर्देशिकाको ९ (१) अनुसार नमुनाको रूपमा पहिचान गरिएका प्रारम्भिक बालविकास केन्द्र/शिशु विकास केन्द्रलाई र पूर्व प्राथमिक विद्यालय वा कक्षालाई जिल्ला शिक्षा कार्यालय मार्फत् प्रोत्साहन स्वरुप पुरस्कृत गर्न सकिनेछ ।

(३) निर्देशिकाको ९ (१) अनुसारका नमुना प्रारम्भिक बालविकास केन्द्र/शिशु विकास केन्द्रले प्रत्येक वर्ष आफ्नो स्तर कायम राखे नराखेको पुनरावलोकन तथा अनुगमन गरिनेछ र प्रत्येक वर्ष नमुनास्तर निर्धारण गरिनेछ ।

(४) सो व्यवस्था पूर्व-प्राथमिक विद्यालय वा कक्षाको हकमा समेत लागू हुनेछ ।

## परिच्छेद –३

## अभिभावक शिक्षा कार्यक्रम सञ्चालनसम्बन्धी व्यवस्था

१०. **प्रारम्भिक बालविकास कार्यक्रमका प्रत्येक सञ्चालकले अभिभावक शिक्षालाई मुख्य कार्यक्रमकोरूपमा सञ्चालन गर्नुपर्नेः**

प्रारम्भिक बालविकास उमेरका बालबालिकाका अभिभावकहरूलाई लक्षित गरी सम्बन्धित निकायले आ-आफ्नो कार्यक्षेत्रभित्र अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। यसका लागि छुट्टै स्वीकृति लिइरहनु पर्ने छैन तर प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन गरी नरहेका अन्य कुनै संस्थाले अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्न चाहेमा जिल्लास्तरमा भए जिल्ला शिक्षा कार्यालयको र गाउँ विकास समिति वा नगरपालिका क्षेत्रभित्र भए सम्बन्धित गाउँ विकास समिति वा नगरपालिको स्वीकृति प्राप्त गरेर मात्र सञ्चालन गर्नुपर्नेछ।

११. **अभिभावक शिक्षाको पाठ्यसामग्री :**

अभिभावक शिक्षाको पाठ्यसामग्रीमा बालबालिकाको शारीरिक, सामाजिक, सम्वेगात्मक र बौद्धिक विकास, बाल अधिकार, अभिभावक अधिकार तथा जिम्मेवारी, बाल स्वास्थ्य र हेरचाह, बालबालिकाको खाना तथा पोषण, बाल शिक्षा आदि विषयवस्तुहरू समावेश गरेको हुनु पर्नेछ।

१२. **पाठ्यसामग्री स्वीकृति दिनुपर्नेः**

अभिभावक शिक्षाका सञ्चालकले आफूले प्रयोग गर्ने अभिभावक शिक्षाको पाठ्यसामग्रीको नमुना जिल्ला शिक्षा कार्यालयमा पेस गर्नु पर्नेछ। यसरी पेस हुन आएको नमुना सामग्रीमा विशेषज्ञता भएको अवस्थामा जिल्ला शिक्षा कार्यालय आफैले र नभएको अवस्थामा शिक्षा विभागमा पठाई स्तरीयता जाँची निकासा भएबमोजिम स्वीकृति लिने कार्य जिल्ला शिक्षा कार्यालयको गर्नु पर्नेछ। जिल्ला शिक्षा कार्यालय आफैले स्वीकृति दिएको सामग्रीहरूको प्रतिलिपि सहित राखी शिक्षा विभागमा जानकारीका लागि पठाउनु पर्नेछ।

## परिच्छेद ४
## तालिम तथा क्षमता अभिवृद्धिसम्बन्धी व्यवस्था

१३. **सहयोगी कार्यकर्ता तथा पूर्व-प्राथमिक शिक्षक तालिम :**
प्रारम्भिक बालविकास कार्यक्रमको सहयोगी कार्यकर्ता तथा पूर्व-प्राथमिक शिक्षकहरूका लागि राष्ट्रिय शैक्षिक जनशक्ति विकास परिषदबाट स्वीकृत पाठ्यक्रमभित्र रही देहायबमोजिम तालिम कार्यक्रमहरू सञ्चालन हुनेछन् :

(१) **आधारभूत तालिम :**
कम्तीमा ९० घण्टाको आधारभूत तालिम हुनेछ । सो तालिम प्राप्त नगरी कुनै पनि व्यक्तिले सहयोगी कार्यकर्ता वा पूर्व प्राथमिक विद्यालयको कक्षा सञ्चालन गर्न पाउने छैनन् ।

(२) **पुनर्ताजगी तालिम :**
आधारभूत तालिम प्राप्त गरेका सहयोगी कार्यकर्ता वा पूर्व प्राथमिक विद्यालयको शिक्षकहरूलाई पेशागत दक्षता अभिवृद्धिको लागि विभिन्न अवधिका पुनर्ताजगी तालिमहरू सञ्चालन गरिने छन् ।

(३) **प्रमाणपत्र तालिम :**
सहयोगी कार्यकर्ता वा पूर्व प्राथमिक विद्यालयका शिक्षकका लागि देहायबमोजिमका प्रमाणपत्र तालिम सञ्चालन हुन सक्नेछन् ।

(क) प्रत्यक्ष सम्पर्क र दूर शिक्षणको माध्यमवाट १० कक्षा उत्तीर्ण उमेदवारका लागि प्रारम्भिक बालशिक्षा एवम् शिशु स्याहार प्रमाणपत्र तालिम ।

(ख) फिडर छात्रवासको विद्यार्थीहरूका लागि प्रारम्भिक बालविकास सहयोगी कार्यकर्ता तालिम (एनेक्स तालिमको रुपमा दिईने) ।

(ग) अनौपचारिक शिक्षाको ९ महिने प्याकेज पूरा गरेका १५ देखि ४० वर्ष उमेरका प्रौढहरूका लागि प्रारम्भिक बालविकास सहयोगी कार्यकर्ता तयारी तालिम ।

१४. **प्रारम्भिक बालविकास अभिमुखीकरण :**

देहायका सरोकारवालाहरूका लागि प्रारम्भिक बालविकास सम्बन्धमा अभिमुखीकरण सञ्चालन गर्न सकिनेछ :

(१) गाउँ विकास समिति तथा नगरपालिकाका अध्यक्ष-उपाध्यक्ष, सचिव र सदस्यहरू ।

(२) केन्द्र व्यवस्थापन समितिका सदस्यहरू ।

(३) पूर्व-प्राथमिक विद्यालय तथा कक्षा व्यवस्थापन समिति/उपसमिति का सदस्यहरू ।

(४) प्रारम्भिक बालविकास कार्यक्रमसँग सम्बद्ध कार्यक्रमको रूपमा संचालित बालविकास सहकारी कार्यक्रमका संचालकहरू ।

(५) प्रारम्भिक बालबिकास कार्यक्रमका सम्बन्धमा आम सञ्चारका साझेदारहरू ।

(६) प्रारम्भिक बालविकास कार्यक्रमको व्यवस्थापनमा विभिन्न भूमिका खेल्ने सरकारी तथा गैरसरकारी निकायहरू ।

(७) अन्य विभिन्न सरोकारवालाहरू ।

१५. **प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालकवाहेक अन्य सञ्चालक वा व्यक्तिले तालिम सञ्चालन गर्न स्वीकृति लिनु पर्ने :**

प्रारम्भिक बालविकास कार्यक्रमका संचालकहरू वाहेक अन्य संस्था वा व्यक्तिले औपचारिकरूपमा तालिम सञ्चालन गर्न चाहेमा देहाय बमोजिमको प्रक्रिया अपनाई स्वीकृति लिनु पर्नेछ ।

(१) संस्था दर्ताको प्रमाणपत्र भएका संस्थाहरूले आफूसँग उपलब्ध जनशक्ति, उपकरण र प्राप्त अनुभव र सञ्चालन गर्न चाहेको तालिमको विवरण खोली सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) जिल्ला शिक्षा कार्यालयले निर्देशिकाको १६ (१) अनुसार प्राप्त निवेदन माथि छानविन एवम् आवश्यकताअनुसार स्थलगत निरीक्षण समेत गरी रायसहित शिक्षा विभागमा पठाउनु पर्नेछ ।

(३) शिक्षा विभागले निर्देशिकाको १५ (२) अनुसार प्राप्त निवेदन माथि अध्ययन गरी शैक्षिक जनशक्ति विकास केन्द्रले बनाएको नीतिभित्र रही स्वीकृतिसम्बन्धी आवश्यक व्यवस्था गर्नेछ ।

परिच्छेद – ५

## राष्ट्रिय प्रारम्भिक बालविकास परिषद, जिल्ला प्रारम्भिक बालविकास समिति र केन्द्र व्यवस्थापन समितिको गठन

१६. राष्ट्रिय प्रारम्भिक बालविकास परिषदको गठन :

महिला बालबालिका तथा समाजकल्याण मन्त्रीको अध्यक्षतामा रहेको केन्द्रीय बालकल्याण परिषदबाट तयार गरिएको बालकल्याण नीतिभित्र रही प्रारम्भिक उमेरका बालबालिकाहरूको विकास तथा शिक्षासम्बन्धी नीति तर्जुमा, समन्वय र मूल्यांङकन समेतको कार्यगर्न देहायका सदस्यहरू रहेको एक प्रारम्भिक बालविकास परिषद गठन हुनेछ :

| | |
|---|---|
| (१) सचिव, शिक्षातथा खेलकुद मन्त्रालय | अध्यक्ष |
| (२) सहसचिव, योजना महाशाखा, शिक्षा तथा खेलकुद मन्त्रालय | सदस्य |
| (३) महानिर्देशक, शिक्षा बिभग | सदस्य |
| (४) महानिर्देशक, पाठ्यक्रम विकास केन्द्र | सदस्य |
| (५) कार्यकारी निर्देशक, शैक्षिक जनशक्ति विकास केन्द्र | सदस्य |
| (६) प्रतिनिधि, अर्थ मन्त्रालय | सदस्य |
| (७) प्रतिनिधि, राष्ट्रिय योजना आयोग | सदस्य |
| (८) प्रतिनिधि, स्थानीय विकास मन्त्रालय | सदस्य |
| (९) प्रतिनिधि, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय | सदस्य |
| (१०) प्रतिनिधि, स्वास्थ्य मन्त्रालय | सदस्य |
| (११) बालविकास कार्यक्रम सञ्चालन गरिरहेका वा यस कार्यक्रममा सहयोग गरिरहेका संयुक्त राष्ट्रसंघ सम्बद्ध संस्था वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था मध्येबाट मन्त्रालयबाट मनोनित १ जना | सदस्य |
| (१२) प्रतिनिधि, गाउँ विकास समिति महासंघ | सदस्य |
| (१३) प्रतिनिधि, नेपाल नगरपालिका संघ | सदस्य |
| (१४) प्रतिनिधि, निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन तथा राष्ट्रिय निजी तथा आवासीय विद्यालय अर्गनाइजेसनबाट १ जना | सदस्य |
| (१५) निर्देशक, (प्रारम्भिक बालविकास हेर्ने) शिक्षा बिभाग | सदस्य सचिव |

१७. **जिल्ला प्रारम्भिक बालविकास समितिको गठन :**

जिल्ला शिक्षा समितिको सल्लाह र जिल्ला विकास समितिको सामान्य निर्देशनमा जिल्लाभित्रको बालविकास कार्यक्रम सञ्चालनमा सहयोग र समन्वय गर्न देहायबमोजिमको एक जिल्ला प्रारम्भिक बालविकास समिति गठन गरिनेछ :

| | | |
|---|---|---|
| (१) | जिल्ला विकास समितिको सभापति | अध्यक्ष |
| (२) | प्रमुख जिल्ला अधिकारी | सदस्य |
| (३) | स्थानीय विकास अधिकारी | सदस्य |
| (४) | महिला विकास अधिकृत | सदस्य |
| (५) | जिल्ला स्वास्थ्य कार्यालय/जनस्वास्थ्य कार्यालयको प्रमुख | सदस्य |
| (६) | जिल्लामा कार्यरत बालविकास कार्यक्रम सञ्चालन गर्ने संस्थाबाट जिल्ला विकास समितिले मनोनित गरेका कम्तीमा १ जना महिला पर्ने गरी २ जना | सदस्य |
| ७) | निजी तथा आवासीय विद्यालय संगठनहरू तथा राष्ट्रिय निजी तथा आवासीय विद्यालय अर्गनाइजेसनबाट १ जना | सदस्य |
| (८) | शिक्षक युनियनका प्रतिनिधि १ जना | सदस्य |
| (९) | जिल्ला विकास समितिको स्वास्थ्य तथा सामाजिक समितिको सभापति | सदस्य |
| (१०) | प्रारम्भिक बालविकासमा सक्रिय व्यक्तिहरू मध्ये जिल्ला शिक्षा समितिवाट मनोनीत १ जना | सदस्य |
| (११) | जिल्ला शिक्षा अधिकारी | सदस्य |
| (१२) | प्रारम्भिक बालविकास कार्यक्रम हेर्ने फोकल व्यक्ति | सदस्य सचिव |

उक्त समितिको बैठकमा राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलका प्रतिनिधिहरू बाट १/१ जना आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिने छ ।

१८ **कार्य सञ्जाल समूहको व्यवस्था**

प्रत्येक गाउँ तथा नगरमा सञ्चालित प्रारम्भिक बालविकास केन्द्रहरूलाई प्रभावकारीरूपले सञ्चालन गर्नका लागि स्रोतव्यवस्थापन, समन्वय, अनुगमन जस्ता कार्यहरू गर्न गाउँ विकास समितिको अध्यक्ष वा गाउँ विकास समितिले तोकेको व्यक्तिको अध्यक्षतामा/नगर प्रमुख वा

नगरपालिकाले तोकेको व्यक्तिको अध्यक्षतामा प्रारम्भिक बालविकास सम्बन्धी कार्य गर्ने सम्पूर्ण सघ, संस्था र केन्द्रसँग सरोकार राख्ने व्यक्तिहरू सम्मिलित सञ्जाल समूहले गर्नेछ।

**१९. केन्द्र व्यवस्थापन समितिको गठन**

समुदायमा आधारित बालविकास कार्यक्रम सञ्चालन गर्ने केन्द्रको व्यवस्थापन र रेखदेखका लागि प्रत्येक केन्द्रमा देहायबमोजिमको एक बालविकास केन्द्र व्यवस्थापन समिति रहनेछ :-

| | | |
|---|---|---|
| (१) | अभिभावकहरू मध्येबाट छानिएको एकजना | अध्यक्ष |
| (२) | सम्बन्धित वडाको अध्यक्ष | सदस्य |
| (३) | अभिभावकहरु मध्येबाट छानिएको (१ जना आमा पर्ने गरी) २ जना | सदस्य |
| (४) | आवद्धता प्राप्त गरेको विद्यालयको प्रधानाध्यापक वा आवद्धता नलिएको अवस्थामा नजिकको सामुदायिक विद्यालयका प्रधानाध्यापकहरू मध्ये, केन्द्र व्यबस्थापन समितिले मनोनित गरेको एकजना प्रधानाध्यापक | सदस्य |
| (५) | सम्बन्धित वडाका महिला स्वास्थ्य स्वयम् सेविका १ जना सदस्य | सदस्य |
| (६) | सम्बन्धित केन्द्रका सहयोगी कार्यकर्ता –सदस्य सचिव | सदस्य सचिव |

२०. **मनोनित पदाधिकारीहरुको पदावधि** : पदेन सदस्यबाहेक सबै समितिमा मनोनित पदाधिकारीहरूको पदावधि २ वर्षको हुनेछ।

परिच्छेद –६

## प्रारम्भिक बालबिकास कार्यक्रम सञ्चालनमा बिभिन्न निकायको काम, कर्तव्य र अधिकार

२१ **राष्ट्रिय प्रारम्भिक बालविकास परिषदको काम कर्तब्य र अधिकार :**
राष्ट्रिय प्रारम्भिक बालविकास परिषदको काम, कर्तब्य र अधिकार देहायबमोजिम हुनेछ :

(१) नेपाल अधिराज्यभित्र प्रारम्भिक बालविकास कार्यक्रमको विकास एवम् विस्तारका लागि नीति तर्जुमा गर्ने ।

(२) नेपाल अधिराज्यभित्र सञ्चालित प्रारम्भिक बालविकास कार्यक्रमहरू सञ्चालनको निरन्तर समीक्षा गरी बार्षिक एवम् आवधिक प्रगति प्रतिवेदन प्रकाशित गर्ने ।

(३) प्रारम्भिक बालविकास कार्यक्रमसंग सम्बन्धित मन्त्रालय, विभाग एवम् निकायहरू बीच समन्वय गर्ने ।

(४) कार्यक्रमको विकास एवम् यसको दिगोपनका लागि संघ संस्थासंग मिलेर कार्यढाँचा एवम् प्रक्रिया तय गर्ने ।

(५) पाठ्यक्रम विकास परिषदले बनाएको नीतिभित्र रही प्रारम्भिक बालविकास कार्यक्रमको पाठ्यक्रम स्वीकृत गर्ने ।

(६) राष्ट्रिय शैक्षिक मानवीय स्रोत विकास परिषदले बनाएको नीतिभित्र रही तालिम सामग्री सञ्चालन ढाँचाहरू स्वीकृत गर्ने ।

२२. **जिल्ला प्रारम्भिक बालविकास समितिको काम, कर्तव्य र अधिकार :**
जिल्ला प्रारम्भिक बालविकास समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(१) जिल्लाभित्र सञ्चालित प्रारम्भिक बालविकास/शिशु विकास केन्द्र र पूर्व-प्राथमिक विद्यालय वा कक्षा समेतका निरीक्षण रेखदेख, निर्देशन र समन्वय गर्ने ।

(२) जिल्लाभित्र प्रारम्भिक बालविकास कार्यक्रममा सहभागी हुन इच्छुक संघ संस्थाहरू एवम् निकायहरूलाई कार्यक्रम सञ्चालन गर्न स्वीकृति दिने ।

(३) जिल्लाभित्र प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन गर्न जिल्लास्तरमा उपलब्ध स्रोतको समन्वयात्मक तथा प्रभावकारी उपयोगको व्यवस्था मिलाउने

(४) केन्द्र र कार्यक्रम सञ्चालन गर्ने संस्था, निकाय र व्यक्तिबाट नियमितरूपमा प्रतिवेदन लिई आवश्यक कार्यवाही गर्ने ।

(५) जिल्लाभित्र प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन गर्ने सम्बद्ध सबै पक्षको सहभागितामा जिल्लास्तरीय रणनीति एवम् कार्यक्रम तय गर्ने र कार्यान्वयनको व्यवस्था मिलाउने ।

(६) जिल्लाभित्र सञ्चालित प्रारम्भिक बालविकास कार्यक्रमहरूबीच समन्वयगर्ने

(७) प्रारम्भिक बालविकास केन्द्रको गुणस्तर कायम गर्ने ।

(८) बाल क्लबहरूलाई सहयोग गर्ने ।

(९) प्रारम्भिक बालविकास सहकारी कार्यक्रमलाई प्रोत्साहन एवम् सहयोग गर्ने ।

(१०) जिल्लामा संचालित बालविकास केन्द्रको निरीक्षण गराउने ।

२३. **प्रारम्भिक बालविकास केन्द्र व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :** प्रारम्भिक बालविकास केन्द्र व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(१) केन्द्रको लागि भवन, खेलमैदान, धारा, पानी, चर्पी जस्ता भौतिक पक्षको व्यवस्था गर्ने ।

(२) केन्द्रको रेख-देख, निरीक्षण र सञ्चालनमा सहयोग पुऱ्याउने ।

(३) अभिभावकको नियमित बैठक राखी केन्द्रको विकासका लागि विभिन्न पक्षमा छलफल गर्ने

(४) केन्द्रको लागि आर्थिक स्रोत जुटाउने ।

(५) स्थानीय निकाय र संघ संस्थासँग समन्वय गर्ने ।

(६) कम्तीमा पनि दुई महिनाको एक पटक मासिक बैठक बसी सो को प्रतिवेदन सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका र जिल्ला बालविकास समितिको कार्यालयमा पठाउने ।

(७) सहयोगी कार्यकर्ताको छनौट तथा नियुक्ति गर्ने ।

(८) अभिभावक शिक्षा र सामुदायिक जागरण कार्यक्रमको सञ्चालन र व्यवस्थापन गर्ने ।

(९) बालबालिकाका अभिभावकहरूको सहमतिमा केन्द्रको न्यूनतम आवश्यकता पूरा गर्न सेवा शुल्क वा सहयोग संकलन गर्ने । तर यसमा अभिभावकको सहमति वेगर शुल्क लिन पाइने छैन ।

(१०) केन्द्रको हितमा आर्थिक तथा अन्य उपलब्ध भौतिक स्रोतहरू पहिचान, परिचालन र उपयोग गर्ने ।

(११) बाल क्लब गठन गर्ने ।

(१२) जिल्ला शिक्षा कार्यालय तथा जिल्ला बालबिकास समिति बाट, प्राप्त निर्देशनको पालन गर्ने गराउने ।

२४. **शिक्षा तथा खेलकुद मन्त्रालयको काम, कर्तव्य र अधिकार :**

शिक्षा तथा खेलकुद मन्त्रालयको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(१) नेपाल अधिराज्यभित्र केन्द्र तथा पूर्व-प्राथमिक विद्यालय वा कक्षा स्थापना र सञ्चालनसम्बन्धी नीति नियमको तर्जुमा गर्ने ।

(२) प्रारम्भिक बालविकास कार्यक्रममा सहभागी हुन चाहने अन्तर्राष्ट्रिय संघसंस्था एवं संयुक्त राष्ट्रसंघ सम्बद्ध संस्थाहरू र श्री ५ को सरकारसँग र समाजकल्याण परिषदबीच भएको सम्झौताको अधिनमा रही त्यस्ता संस्थासँग सहकार्यका लागि सम्झौता गर्ने ।

(३) प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन गर्न सहयोग गर्ने अन्तर्राष्ट्रिय संघ संस्था एवम् निकायबीच समन्वय गरी स्रोत जुटाउने ।

(४) प्रारम्भिक बालविकास कार्यक्रमसँग सम्बन्धित मन्त्रालयहरूसँग समन्वय गर्ने ।

२५. **शिक्षा विभागको काम, कर्तव्य र अधिकार :**

शिक्षा विभागको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) प्रारम्भिक बालविकास कार्यक्रमसम्वन्धी वार्षिक तथा आवधिक कार्यक्रमहरू निर्माण गरी लक्ष्य एवम् सूचकहरू तोक्ने र कार्यान्वयन गर्ने गराउने ।

(२) प्रारम्भिक बालविकास/शिशु विकास र पूर्व-प्राथमिक शिक्षासम्वन्धमा बनेका नीति नियमको कार्यान्वयन गराउने ।

(३) नेपाल अधिराज्यभित्र सञ्चालित प्रारम्भिक बालविकास केन्द्र तथा पूर्व-प्राथमिक विद्यालय कक्षाको रेखदेख, निरीक्षण, निर्देशन, सहजीकरण र मूल्यांङकन गर्ने ।

(४) कार्यक्रम सञ्चालन गर्ने संघ संस्थाहरू, संयुक्त राष्ट्रसंघ सम्बद्ध संस्था एवम् अन्य संघ संस्था तथा निकायसँग समन्वय गरी बालविकास कार्यक्रमको स्थायित्व प्रदानगर्न व्यवस्था मिलाउने ।

(५) कार्यक्रम सञ्चालन गर्ने संघ संस्थाहरूलाई प्राविधिक सहयोग उपलब्ध गराउने

(६) प्रारम्भिक बालसिकाइ सन्दर्भ सामग्रीको विकास गरी ती सामग्रीहरूका प्रयोगको बन्दोवस्त मिलाउने ।

(७) राष्ट्रिय प्रारम्भिक बालविकास स्रोतकेन्द्र सञ्चालन गर्ने ।

(८) केन्द्रीय तहमा बालविकास कार्यक्रम सञ्चालनगर्ने संघसस्थाको सञ्जाल तयार गरी सो मार्फत् कार्यक्रम सञ्चालनका विभिन्न ढाँचाहरू तय गर्ने र कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

(९) प्रारम्भिक बालविकास परिषदको सचिवालयको रूपमा काम गर्ने ।

(१०) मन्त्रालयवाट निर्देशन भएबमोजिमका अन्य कार्य गर्ने ।

२६. **क्षेत्रीय शिक्षा निर्देशनालयको काम, कर्तव्य र अधिकार :**

क्षेत्रीय शिक्षा निर्देशनालयको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(१) आफ्नो क्षेत्रभित्र सञ्चालित प्रारम्भिक बालविकास कार्यक्रम खासगरी केन्द्र, पूर्व-प्राथमिक विद्यालय वा कक्षाहरूको निरीक्षण, अनुगमन र रेखदेख गर्ने ।

(२) क्षेत्रभित्र संचालित प्रारम्भिक बालविकास कार्यक्रमको प्रगति समीक्षा गरी शिक्षा विभागलाई जानकारी गराउने ।

२७. **जिल्ला विकास समितिको काम, कर्तव्य र अधिकार :**

जिल्ला विकास समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(१) प्रारम्भिक बालविकास निर्देशिका र अन्य प्रचलित कानुनको अधिनमा रही जिल्लास्तरमा बालविकास कार्यक्रम सञ्चालन गर्न जिल्ला प्रारम्भिक बालविकास समितिलाई निर्देशनदिने ।

(२) जिल्लाभित्र सञ्चालन हुने विकास कार्यहरुसंग एकीकृत गरी प्रारम्भिक बालबिकास केन्द्रलाई दिगोपन बनाउन सहयोग गर्ने ।

(३) जिल्लाभित्र प्रारम्भिक बालविकास कार्यक्रमको विकास एवं विस्तारको व्यवस्था मिलाउने ।

(४) जिल्लाभित्र प्रारम्भिक बालविकासका केन्द्र वा पूर्व प्राथमिक विद्यालय तथा कक्षाको लागि भौतिक एवं शैक्षिक सुविधा विकासका लागि सहयोग पुऱ्याउने ।

(५) जिल्लाभित्र संचालित प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालनगर्ने संघ संस्थाबीच समन्वय गर्ने ।

(६) बाल क्लबहरूलाई सहयोग गर्ने ।

(७) प्रारम्भिक बालविकास सहकारी कार्यक्रमलाई प्रोत्साहन एवम् सहयोग गर्ने ।

(८) जिल्लामा सञ्चालित बालविकास कार्यक्रमको अनुगमन मूल्याङ्कन गर्ने र जिल्ला परिषदमा प्रगति समीक्षा गर्ने ।

(९) जिल्लामा संचालित बालविकास केन्द्रहरुको रेकर्ड अध्यावधिक राखि केन्द्रमा पठाउने ।

२८. **जिल्ला शिक्षा कार्यालयको काम, कर्तव्य र अधिकार :**

जिल्ला शिक्षा कार्यालयको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(१) जिल्लाभित्र सञ्चालित केन्द्र, पूर्व-प्राथमिक विद्यालय वा कक्षाको निरीक्षण, निर्देशन रेखदेख र समन्वय गर्ने ।

(२) जिल्लाभित्र विभिन्न सरकारी एवम् गैरसरकारी निकाय, संघ संस्थाहरूबाट संचालित प्रारम्भिक बालविकास कार्यक्रमको प्रतिवेदन तयार गरी नियमितरूपमा विभागमा पठाउने ।

(३) जिल्लाभित्र संचालित प्रारम्भिक बालविकास कार्यक्रमको गुणस्तर विकासको लागि प्राविधिक सहयोग पुऱ्याउने ।

(४) जिल्लास्तरमा प्रारम्भिक बालविकास कार्यक्रमसंग सम्बद्ध संस्था एवम् निकायहरूको सञ्जाल तयार गरी सम्पर्क बिन्दुकोरुपमा कार्यगर्ने ।

२९. **संघ संस्थाको काम, कर्तव्य र अधिकार:**

प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन गर्ने संघ संस्थाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(१) प्रारम्भिक बालविकास कार्यक्रमको व्यवस्थापन, सञ्चालन अनुगमन र मूल्याङकनमा यो निर्देशिका र अन्य प्रचलित कानुनको अधिनमा रही कार्यक्रम साझेदार, सहयात्री एवं सहयोगी संस्थाको रूपमा काम गर्ने ।

(२) आफूसंग उपलवध र आफूमार्फत परिचालन भएको आर्थिक एवं अन्य स्रोत सामग्रीलाई श्री ५ को सरकारका विद्यमान संगठन संरचना मार्फत् वा आफ्नै संरचना मार्फत प्रारम्भिक बालविकास कार्यक्रमको विकास र विस्तारमा उपयोग गराउने ।

(३) प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालनगर्ने केन्द्र वा पूर्व-प्राथमिक विद्यालय वा कक्षाको लागि भवन, खेलमैदान, धारा पानी, शौचालय आदिको व्यवस्था गर्न सहयोग गर्ने ।

(४) प्रारम्भिक बालविकास कार्यक्रमसम्वन्धी कार्यमूलक अध्ययन अनुसन्धानमा सहयोग पुऱ्याउने

(५) प्रारम्भिक बालविकास केन्द्र सहकारी कार्यक्रमलाई विस्तार एवम् व्यवस्थित गर्न सहयोग गर्ने ।

(६) प्रारम्भिक बालविकास कार्यक्रमको विभिन्न तहको सञ्जालको सदस्यकोरूपमा कार्य गर्ने ।

(७) कार्यक्रमको प्रचार-प्रसार गर्ने र स्थायित्वमा सहयोग गर्ने ।

३०. **नगरपालिका वा गाउँ विकास समितिको काम, कर्तव्य र अधिकार :** नगरपालिका वा गाउँ विकास समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(१) शिक्षा ऐन तथा नियमावलीका साथै यस निर्देशिकाले गरेको व्यवस्थाका अधिनमा रही प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन गर्न अनुमति दिने ।

(२) गाउँ बिकास समिति वा नगरपालिकाले सञ्चालित विकास कार्यहरुसँग एकीकृत गर्दै कार्यक्रम सञ्चालन गर्ने ।

(३) प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालनगर्न आफूसँग उपलब्ध स्रोत साधन परिचालन गर्ने र आफ्नो क्षेत्रभित्र उक्त कार्यक्रम सञ्चालन गर्ने संस्था निकाय एवम् समुदायको सञ्जाल बनाई कार्यक्रम सञ्चालनमा समन्वय ल्याउने ।

(४) आफ्नो क्षेत्रभित्र प्रारम्भिक बालविकास कार्यक्रमको आवश्यकता पहिचान गरी नक्साङ्कन तयार गर्ने ।

(५) आफ्नो क्षेत्रभित्र संचालित प्रारम्भिक बालविकास कार्यक्रमहरूको मूल्याङकन गरी पिछडिएका एवंम् आर्थिकरूपले कमजोर समुदायमा संचालित तथा विशेष दक्षताका साथ कार्यक्रम सञ्चालन गर्ने केन्द्र तथा विद्यालयलाई श्री ५को सरकारको अनुदान उपलब्ध गराउन जिल्ला शिक्षा कार्यालयमा सिफारिस गर्ने ।

(६) प्रारम्भिक बालविकास कार्यक्रमको लागि भवन, खेलमैदान, धारा पानी, शौचालय आदिको व्यवस्था गर्न मदत गर्ने ।

(७) आफ्नो क्षेत्रभित्र कार्यक्रम सञ्चालन गर्ने संघ संस्थाहरूबाट प्रतिवेदन प्राप्त गरी समष्टिगत प्रतिवेदन जिल्ला विकास समिति र जिल्ला शिक्षा कार्यालयमा पठाउने ।

(८) बाल क्लबहरू गठन गर्ने ।

परिच्छेद - ७

## सहयोगी कार्यकर्ताको नियुक्ति, सेवाका शर्त र सुविधासम्बन्धी व्यवस्था

**३१. सहयोगी कार्यकर्ताको नियुक्ति :**

सहयोगी कार्यकर्ताको नियुक्ति केन्द्र व्यवस्थापन समितिले कम्तीमा कक्षा आठ उत्तीर्ण गरेको स्थानीय उमेदवारलाई देहायबमोजिको प्रक्रिया पूरा गरी गर्नु पर्नेछ :

(१) नियुक्ति गर्नु अघि कम्तीमा १५ दिनको सूचना प्रकाशित गरी इच्छुक सबै उम्मेदवारबाट निवेदन आह्वान गर्ने ।

(२) निर्देशिकाको ३० (१) बमोजिम सूचना प्रकाशित गर्दा उमेदवारको लागि चाहिने शैक्षिक योग्यता, सेवाको शर्त र सुबिधा समेत उल्लेख गर्ने ।

(३) कम्तीमा ३ जना व्यक्ति रहेको सहयोगी कार्यकर्ता छनोट समिति गठन गरी सो को सिफारिसमा सहयोगी कार्यकर्ता नियुक्ति गर्ने ।

(४) स्थानीय महिलालाई प्राथमिकता दिने ।

(५) कम्तीमा १ वर्ष कामगर्ने कबुलियत गराई नियुक्ति दिने ।

**३२. सहयोगी कार्यकर्ताको आचरण:-**

**सहयोगी कार्यकर्ताको आचरण देहायबमोजिम हुनुपर्ने छ –**

(१) कार्यमा नियमितता ।

(२) मृदुभाषी ।

(३) बाल मनोरञ्जनमा सजग ।

(४) पेशाप्रति आस्थावान् ।

(५) अनुशासित, सदाचारी, सच्चरित्र ।

(६) सबै अभिभावकको विश्वास जित्न सफल ।

**३३. सहयोगी कार्यकर्ताको पारिश्रमिक र विदा :**

सहयोगी कार्यकर्ताको पारिश्रमिक र विदा देहायबमोजिम हुनेछ :

(१) सहयोगी कार्यकर्ताले प्रारम्भिक बालविकास केन्द्र व्यवस्थापन समितिले तोकिदिए बमोजिमको पारिश्रमिक र अन्य सुबिधा पाउने छन् ।

(२) प्रारम्भिक बालविकास केन्द्र व्यवस्थापन समितिले अन्यथा तोकिदिएमाबाहेक सहयोगी कार्यकर्ताले सार्वजनिक विदाबाहेक बर्षमा विरामी विदा १२ दिन र भैपरिआउने विदा ६ दिन पाउने छन् ।

(३) सहयोगी कार्यकर्ता नियमानुसार विदा बसेको अवस्थामा वा कुनै कारणले केन्द्र सञ्चालन गर्न असमर्थ भएमा केन्द्रलाई बन्द हुन नदिई सञ्चालनको व्यवस्था मिलाउनु केन्द्र व्यवस्थापन समितिको कर्तव्य हुने छ ।

**३४. सहयोगी कार्यकर्ताको काम, कर्तब्य र अधिकार :**

सहयोगी कार्यकर्ताको काम, कर्तब्य र अधिकार देहायबमोजिम हुनेछ :

(१) केन्द्र नियमितरूपमा सञ्चालन गर्ने गराउने ।

(२) अध्यक्षको निर्देशनमा व्यवस्थापन समितिको बैठक बोलाउने ।

(३) केन्द्रको कोषको जिम्मा लिने र केन्द्रको सम्पत्तिको सुरक्षा गर्ने ।

(४) अभिभावकहरूसँग नियमित छलफल र बैठक गर्ने ।

(५) मासिकप्रतिवेदन तयार गरी सम्बन्धित स्थानीय निकाय र जिल्ला शिक्षा कार्यालयमा पठाउने ।

(६) केन्द्रका अभिलेखहरू अध्यावधिक गरी राख्ने ।

(७) बालबालिकाहरूको नियमितताका लागि अभिभावकहरूसँग समन्वय गर्ने ।

(८) विद्यालयहरू, स्वास्थ्य केन्द्र, संघ संस्था, गाउँ विकास समिति वा नगरपालिका आदिसँग सर्म्पक र समन्वय गर्ने ।

(९) जिल्ला शिक्षा कार्यालय तथा जिल्ला बालविकास समितिवाट प्राप्त निर्देशनहरू पालन गर्ने गराउने ।

(१०) विद्यालय भर्ना हुने उमेर पुगेका बालबालिकाहरूलाई विद्यालय भर्ना हुन सहयोग गर्ने ।

(११) बालबालिकाहरूको नियमित स्वास्थ्य परीक्षण र खोपको व्यवस्था मिलाउने ।

(१२) अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।

(१३) आफ्नो केन्द्रको सहकारी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

(१४) प्रारम्भिक बालविकास कार्यक्रमको प्रचार प्रसार गर्ने ।

## परिच्छेद – ८
## निरीक्षण र अनुगमनसम्बन्धी व्यवस्था

३५. **निरीक्षण र अनुगमनसम्बन्धी व्यवस्था :**

निरीक्षण तथा अनुगमन सम्बन्धमा मुख्यरूपले देहायबमोजिमको व्यवस्था गरिनेछ :

(१) राष्ट्रियस्तरमा शिक्षा मन्त्रालय र शिक्षा विभाग, क्षेत्रस्तरमा क्षेत्रीय शिक्षा निर्देशनालय र जिल्लामा जिल्ला शिक्षा कार्यालयले आ-आफ्नो कार्यक्षेत्रभित्र सञ्चालित प्रारम्भिक बालविकास कार्यक्रमको सामान्य निरीक्षण तथा अनुगमन गर्नेछन् ।

(२) जिल्ला विकास समिति, गाउँ विकास समिति वा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको प्रारम्भिक बालविकास कार्यक्रमको निरीक्षण र अनुगमन गर्नेछन् ।

(३) बालविकास केन्द्र व्यवस्थापन समितिले केन्द्र नियमित सञ्चालनको अनुगमन र निरीक्षण गर्नेछ ।

(४) आवद्धता लिने विद्यालयले नियमितरूपमा अनुगमन निरीक्षण गर्नेछ ।

(५) प्रत्येक स्तरको निरीक्षण र अनुगमनका लागि सूचकहरू पहिचान गरिनेछ ।

(६) संघ संस्थाहरूले आफ्नो सहयोगमा सञ्चालन भएको र सम्झौताअनुसार जिम्मेवारी पाएको प्रारम्भिक बालविकास कार्यक्रमको निरीक्षण तथा अनुगमन गर्नेछन् ।

(७) सबै क्षेत्रबाट भएको निरीक्षणको प्रतिवेदन निरीक्षण गर्ने व्यक्तिले आ-आफ्नो कार्यालय र एक तह माथिको कार्यालयमा अनिवार्यरुपमा पठाउनु पर्नेछ ।

## परिच्छेद ९
## आर्थिक व्यवस्था

३६. **केन्द्रको कोष :**
प्रारम्भिक बालविकास केन्द्रको नाममा एउटा कोष रहनेछ र उक्त कोषमा निम्नानुसारको रकम जम्मा गरिनेछ :
(१) श्री ५को सरकारबाट प्राप्त हुने अनुदान ।
(२) जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिबाट प्राप्त 'रकम
(३) दानदातव्य र चन्दाबाट प्राप्त रकम ।
(४) अभिभावकबाट प्राप्त हुने सेवा शुल्क वा अन्य रकम ।
(५) चल-अचल सम्पत्ति बिक्रीबाट प्राप्त रकम ।
(६) केन्द्रको नाममा प्राप्त हुने व्याज रकम ।
(७) दातृ संस्था समुदायवाट प्राप्त रकम ।
(८) केन्द्रले सञ्चालन गरेको सहकारी कार्यक्रमवाट प्राप्त आम्दानी ।
(९) अन्य विविध स्रोतबाट प्राप्त रकम ।

३७. **केन्द्रको कोषको परिचालन :**
कोषको परिचालन प्रारम्भिक बालविकास कार्यक्रमको उद्देश्यभित्र रही केन्द्र व्यवस्थापन समितिले निर्णय गरेबमोजिम हुनेछ ।

३८. **केन्द्रको बैक खाता सञ्चालन :**
केन्द्रको बैंक खाता व्यवस्थापन समितिको अध्यक्ष, संघसंस्थाले सञ्चालन गरेको भए सो संघ संस्थाको प्रतिनिधि वा सो नभएमा आबद्धता दिने वा नजिकको विद्यालयको प्रधानाध्यापक र सहयोगी कार्यकर्ताको संयुक्त दस्तखतबाट हुनेछ ।

३९. **केन्द्र बन्द हुँदाको अवस्थामा सम्पत्तिको हस्तान्तरण :**
केन्द्रको नाममा जम्मा भएको रकम सोही केन्द्रको सम्पत्ति मानिने छ । तर केन्द्र सञ्चालन हुन नसकी वीचमै बन्द भएमा उक्त केन्द्रको सम्पत्ति जिल्ला शिक्षा कार्यालयको स्वीकृति लिई गाउँ विकास समिति वा

नगरपालिकाले सबैभन्दा नजिकको केन्द्र वा विद्यालयलाई हस्तान्तरण गरिदिन सक्नेछ। सो सम्बन्धमा कुनै विवाद भएमा जिल्ला बालविकास समितिको निर्णय अन्तिम हुनेछ।

४०. **विद्यालयद्वारा संचालित केन्द्रको कोष:**
विद्यालयद्वारा सञ्चालित केन्द्रको कोषको परिचालन विद्यालयवाट हुनेछ।

४१. **प्रारिम्भक बालविकास केन्द्रको सार्वजनिक लेखापरीक्षण :**
प्रत्येक वर्ष केन्द्रले आफ्नो कोष र क्रियाकलापको देहायबमोजिमको प्रक्रिया अपनाई सार्वजनिक लेखापरीक्षण गराउनु पर्ने छ :

(१) लेखापरीक्षणको लागि देहायबमोजिमको समिति गठन गर्ने :

| | | |
|---|---|---|
| (क) | केन्द्र व्यवस्थापन समितिले तोकेको केन्द्र व्यवस्थापन समितिको | सदस्य |
| (ख) | सदस्य नरहेको १ जना अभिभावक केन्द्रमा सहभागी बालबालिकाहरूको अभिभावकहरूमध्ये प्राथमिक तह भन्दामाथि शिक्षा हासिल गरेका सकेसम्म एक जना महिला पर्ने गरी गाउँ विकास समिति वा नगरपालिकावाट मनोनित गरेको २ जना | सदस्य |
| (ग) | केन्द्र व्यवस्थापनमा चासो राख्ने विद्यालयले मनोनित गरेको स्थानीय सरोकारवाला १ जना | सदस्य |
| (घ) | सहयोगी कार्यकर्ता (१ भन्दा बढी भएमा केन्द्र व्यवस्थापन समितिले तोकेका १ जना) | सदस्य सचिव |

(२) **सार्वजनिक लेखा परीक्षण समितिले आफ्नो कार्य सञ्चालनको क्रममा देहायबमोजिमका विषयहरूलाई विचार गर्नु पर्नेछ :**

(क) प्राप्त आम्दानी र खर्चको विवरण रकमको सदुपयोग वा दुरुपयोग भएको हिसाब ठीकसंग राखिए नराखिएको।

(ख) केन्द्रले पुऱ्याउने सेवामा सवै अभिभावकहरू खास गरेर दलित पिछडिएका जनसमुदाय र गरिवीको रेखामुनिका अभिभावक हरूले समेत समानरूपले सेवा लिन सक्ने व्यवस्था मिलाए नमिलाएको।

(ग) केन्द्रले सहकारी कार्यक्रम सञ्चालन गरेको भए त्यस्ता कार्यक्रमहरू उत्पादनमूलक र न्यायोचित ढंगले अगाडि बढाए नबढाएको

(घ) आफ्ना क्रियाकलापहरू प्रारम्भिक बालविकासको सिद्धान्तअनुरुप अघि बढाए नबढाएको ।

(ङ) प्रत्येक बालविकास केन्द्र/शिशु विकास केन्द्र वा पूर्व-प्राथमिक विद्यालयले आय-व्यय र मौज्दात रकमको अध्यावधिक रेकर्ड राखी कक्षा सञ्चालन हुने कोठामा सबैले देख्ने गरी टाँसेर राख्नु पर्नेछ ।

४२. **पूर्व प्राथमिक विद्यालय वा प्रारम्भिक बालविकास केन्द्रले सहकारी कार्यक्रम सञ्चालन गर्न सक्ने:**

केन्द्रको आफ्नो दिगोपनाको लागि र अभिभावकको आयआर्जनमा सहयोग पुर्‍याउने उद्देश्यबाट आफ्ना अभिभावक, सरोकारवालाहरुबीच देहायबमोजिमको व्यवस्था गरिएको सहकारी कार्यक्रम सञ्चालन गर्न सकिनेछ :

(१) केन्द्रले सञ्चालन गरेको सहकारी कार्यक्रम प्रचलित कानुन बमोजिम अधिकार प्राप्त सहकारी कार्यालय वा निकाय समक्ष दर्ता गराउनु पर्नेछ ।

(२) खण्ड १ बमोजिम सञ्चालन गरिने सहकारी कार्यक्रममा केन्द्र व्यवस्थापन समितिका सदस्यहरू सार्वजनिक लेखापरीक्षण समितिका सदस्यहरू, केन्द्रलाई सहयोग पुर्‍याइरहेका संघ संस्थाहरु र अभिभावकहरू समेत कम्तीमा २५ जना सदस्यहरू शेयर सदस्यको रुपमा रहने छन् ।

(३) सहकारी कार्यक्रमको शेयर सदस्यहरूको साधारण सभा केन्द्र वा पूर्व-प्राथमिक विद्यालयको सल्लाहकार सभा मानिनेछ । यसले केन्द्र वा विद्यालयको विकास कार्यको लागि विभिन्न सल्लाह दिन सक्ने छ ।

(४) केन्द्र वा पूर्व-प्राथमिक विद्यालयको जोडकोषमा रहेको रकम र केन्द्र/विद्यालयसँग उपलब्ध अन्य रकमलाई केन्द्र वा पूर्व-

प्राथमिक विद्यालयको स्रोतको रुपमा यस निर्देशिकाबमोजिम सञ्चालित सहकारी कार्यक्रममा शेयरकोरूपमा लगानी गर्न सकिनेछ ।

(५) केन्द्र वा पूर्व प्राथमिक विद्यालयले सञ्चालन गरेको सहकारीको परिचालन सहकारीसम्बन्धी ऐन नियमअनुसार हुनेछ ।

(६) प्रचलित सहकारीसम्बन्धी कानुनको प्रतिकूल नहुने गरी केन्द्र व्यवस्थापन समिति वा पूर्व प्राथमिक कक्षा व्यवस्थापन उपसमितिका सदस्यहरुलाई यथावत कायम राखी नपुग थप सदस्य मात्र सहकारी कार्यक्रमको कार्यसमितिमा सहकारीका शेयर होल्डरहरुले छान्नु पर्नेछ ।

४३. **जोडकोष :**

केन्द्रको दिगोपनाका लागि प्रत्येक केन्द्रले देहायअनुसारको एक जोडकोषको स्थापना :

(१) जोड कोषमा केन्द्रले परिचालन गरेको स्थानीय स्रोतको आधारमा त्यसकै अनुपातमा श्री ५ को सरकार, जिल्ला विकास समिति, गाउँ विकास समिति वा नगरपालिका र साझेदार वा सहयात्री संस्थाले अनुदान वा सहयोग उपलब्ध गराउन सक्नेछन् ।

(२) जोड कोषमा जम्मा भएको रकमको मूल धन सामान्यतया नघटने गरी केन्द्रको हित एवं विकासको लागि परिचालन गर्नु व्यवस्थापन समितिको कर्तब्य हुने छ ।

# परिच्छेद १०
# पाठ्यक्रम र सर्न्दभ सामग्रीसम्बन्धी व्यवस्था

४४. **पाठ्यक्रम र सर्न्दभ सामग्रीसम्बन्धी व्यवस्था :**

पाठ्यक्रम र सर्न्दभ सामग्रीसम्बन्धी व्यवस्था देहायअनुसार हुनेछ :

(१) प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन गर्ने संस्था वा व्यक्तिले शिक्षा विभागवाट तयार गरिएको र राष्ट्रिय पाठ्यक्रम परिषदबाट स्वीकृत पाठ्यक्रम प्रारुपभित्र रही पाठ्य एवम् सन्दर्भ सामग्रीहरूको प्रयोग गर्नु पर्नेछ ।

(२) उपदफाको अधिनमा रही शिक्षा विभागवाट प्रदान गरिएको बाहेक अन्य सामग्री प्रयोग गर्न चाहने प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालकले त्यस्तो सामग्रीको नमुना जिल्ला शिक्षा कार्यालयमा पेश गर्नु पर्ने छ । उक्त निवेदनमा शिक्षा विभागले नियम १२ अनुसारको प्रक्रिया पूरा गरी स्वीकृति दिन सक्नेछ ।

(३) प्रारम्भिक बालविकास कार्यक्रमको पाठ्यक्रम र सर्न्दभ सामग्रीहरूले बालवालिकाहरूको शारीरिक, संवेगात्मक, सामाजिक र बौद्धिक जस्ता चार वटै पक्षको समष्टिगत विकास गर्ने किसिमको हुनु पर्नेछ ।

## परिच्छेद – ११
## सहकार्य तथा साझेदारीसम्बन्धी व्यवस्था

४५. **सहकार्य गर्दा सम्झौता गर्नुपर्ने :**
कार्यक्रम साझेदार र सहयोगी संस्थाका रुपमा कार्य गर्न चाहने संस्थाले दुई पक्षबीच प्रचलित कानुनको परिधिभित्र रही यस निर्देशिकामा लेखिएबमोजिमका व्यहोरा खोली सम्झौता गरी कार्य गर्नुपर्ने छ। तर सहभागी संस्था समुदाय भएको अवस्थामा सम्झौता गरेर वा नगरी पनि सहकार्य गर्न सकिनेछ। तर वन समूह, दुग्ध विकास समूह, उपभोक्ता समूह जस्ता समूहहरुले सहयोगी संस्था समूहकोरुपमा देहायबमोजिमको व्यहोरा खोली सहयात्रीको रुपमा कार्य गर्न चाहेमा जिल्ला शिक्षा कार्यालय, स्थानीय निकाय, विद्यालय वा केन्द्र समक्ष निवेदन पेश गर्नुपर्नेछ।

१. सहयात्रीको रुपमा कार्य गर्न खोजेको कार्यक्रम,
२. आफूले परिचालन गर्ने स्रोत र सहयोग,
३. सम्बन्धित संस्था निकायसँग अपेक्षा गरिएको स्रोत र सहयोग,
४. अपेक्षित उपलब्धि,
५. अनुगमन ढाँचा,
६. सम्बन्धित विद्यालय/निकायले यसबारे आफ्नो राय सहित नियम २१ (२) अनुसार जिल्ला प्रारम्भिक बालविकास समितिमा पेश गरी स्वीकृत भएबमोजिम सहकार्य गर्न सक्नेछन्।

४६. **सहयोगी संस्थाको रुपमा प्रारम्भिक बालविकास कार्यक्रममा काम लगाउन सक्ने :** केही शुल्क लिई काम गर्न चाहने संघ संस्था व्यक्तिलाई सम्बन्धित कार्यक्रम सञ्चालकहरुले प्रचलित कानुनको परिधिभित्र रही सम्झौताअनुसार काम गराउन सक्नेछन्।

## परिच्छेद –१२
## विविध

**४७. प्रतिवेदन पेश गर्नु पर्नेः**

(१) प्रारम्भिक बालविकास कार्यक्रमको चौमासिक प्रतिवेदन कार्यक्रम सञ्चालन गर्ने समुदाय वा संस्था जिल्ला शिक्षा कार्यालयमा पठाउनु पर्नेछ ।

(२) नियम ४६ अनुसारको प्रतिवेदनलाई जिल्ला प्रारम्भिक बालविकास समितिमा समीक्षा गराई समितिको राय सुझाव एवं प्रतिक्रिया सहित जिल्ला शिक्षा कार्यालयले शिक्षा विभागमा पठाउनु पर्नेछ ।

**४८. सहयोग गर्न बाध्य नहुनेः**

निजी क्षेत्रमा पनि प्रारम्भिक वाल विकास कार्यक्रम सञ्चालन गर्न मन्त्रालयले प्रोत्साहित गर्ने नीति अवलम्बन गर्नेछ तर यस्ता कार्यक्रमलाई सहयोग उपलब्ध गराउन मन्त्रालय वाध्यहुने छैन ।

**४९. कार्यक्रमलाई पाइलटिङ्को रुपमा सञ्चालन गर्न सकिनेः**

प्रारम्भिक बालविकाससम्बन्धी विभिन्न कार्यक्रमहरू नयाँ सुरु गर्दा एकै पटक लागू नगरी देहायको ढाँचामा पाइलटको रुपमा सञ्चालन गर्नु पर्नेछ ।

(१) शिक्षा विभागको पहलमा सरकारी निकायले एक्लै वा अन्य विभिन्न निकाय मार्फत,

(२) प्रारम्भिक बाल विकास कार्यक्रमका साझेदारको रुपमा कार्यरत विभिन्न संघ संस्था निकायहरुको पहलमा,

(३) स्थानीय निकायको पहलमा,

(४) केन्द्र वा पूर्व प्रारम्भिक विद्यालयको पहलमा

(५) निर्देशिकाको ४९ (१),(२),(३) र (४) का चारवटै ढाँचावाट प्राप्त शिक्षालाई कार्यक्रममा समावेश गर्नु प्रारम्भिक वालविकास कार्यक्रमको सञ्चालकको कर्तव्य हुनेछ ।

५०. **प्रारम्भिक बालबिकास केन्द्र समुदायकै अङ्ग रहने :**

श्री ५ को सरकारको अनुदान प्राप्तहुने बालविकास केन्द्रको सम्पूर्ण व्यवस्थापकीय जिम्मेवारी यस निर्देशिकाको अधिनमा रही समुदायकै हुनेछ। यो निर्देशिका प्रारम्भ हुँदाको बखत सञ्चालन भइरहेका समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्रहरू स्वत: गाउँ विकास समिति वा नगरपालिकाको व्यवस्थापकीय जिम्मेवारीमा सर्नेछ र जिल्ला शिक्षा कार्यालयले सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकालाई निर्देशिका जारी भएको ६ महिनाभित्र सम्पूर्ण अभिलेखको एक प्रति उपलब्ध गराउनु पर्नेछ।

५१. **बाधाअडकाउ फुकाउने अधिकार:**

यस निर्देशिकाले ब्यबस्था गरेको कुनै प्रावधान कार्यान्वयन गर्न बाधा अडकाउ फुकाउन परेमा शिक्षा विभागले आवश्यकताअनुसार मन्त्रालयको समेत स्वीकृति लिई त्यस्तो वाधा अडकाउ फुकाउन सक्नेछ।

## अनुसूची – १
### (निर्देशिका खण्ड ३.१ संग सम्बन्धित )
### ( प्रारम्भिक बालविकास केन्द्र सञ्चालनका लागि दिने निवेदन)

श्री गाउँ विकास समिति/नगरपालिका कार्यालय

..................................

**विषय :–** प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक कक्षा/विद्यालय सञ्चालन अनुमति पाऊँ ।

शैक्षिक सत्र .................. को मितिवाट ३ देखि ५ वर्षका बालबालिकाको सर्वाङ्गीण विकासका लागि प्रारम्भिक बालविकास केन्द्र पूर्व-प्राथमिक विद्यालय सञ्चालन गर्न अनुमति पाउन अभिभावक तथा समुदायको मिति ...............निर्णयानुसार तपसिलका विवरण र कागजात संलग्न गरी यो निवेदन पेश गरेका छौं ।

(क) **प्रस्तावित प्रारम्भिक बालविकास केन्द्रको**

१. नाम :–

२. ठेगाना :– गा.वि.स./न.पा.............................

वडा नं............. गाउँ/टोल................ फोन नं................

**संलग्न हुने बालबालिका संख्या:**

(ख) **सञ्चालनका लागि जिम्मेवारी वा आबद्धता लिने विद्यालय**

१. नाम :–

२. ठेगाना :–

३. फोन नं.:–

(ग) प्रस्तावित केन्द्रको पूरा भएको भौतिक पूर्वाधार

(१) भवन

(क) कोठा........... (ख) कच्ची / पक्की............

(ग) के ले बनेको.......... (घ) भाडा / आफ्नै / सार्वजनिक...............

(२) फर्निचरहरूको विवरण .....................।

(३) खेलकुद मैदान छ, आफ्नै वा अन्य .................।

(४) शौचालयको अवस्था.................... ..............।

(५) खानेपानीको अवस्था ...................................।

(६) सिकाइ सामग्री के के छन् ?

१. ............................

२.

३.

(७) आर्थिक विवरण

१. अचल सम्पत्ति

२. चल सम्पत्ति

३. आम्दानीको स्रोतको व्यवस्था कसरी मिलाइन्छ–

माथि लेखिएको विवरण ठीक छन् /झुठा ठहरेमा कानुन बमोजिम

सँहुला / बुझाउँला

संस्थाको छाप

निवेदकको सही :–

नाम :–

ठेगाना :–

मिति :–

संलग्न कागजातहरू

१. भवन, खेलमैदान सम्बन्धी कागजात र विवरण

२. संस्था दर्ताको प्रमाणपत्र प्रतिलिपि र नियमानुसारको नवीकरण र लेखा परीक्षण प्रतिवेदन।

अनुसूची २

(निर्देशिकाको खण्ड ३.३ संग सम्बन्धित )

## बालविकास केन्द्र सञ्चालन गर्न दिइने अनुमति

श्री .... पूर्व प्राथमिक कक्षा/प्रारम्भिक बाल विकास केन्द्र/शिशु विकास केन्द्र

.......................................................

त्यस संस्थाले बालविकास केन्द्र/पूर्व प्राथमिक कक्षा खोल्ने सम्बन्धमा यस ............................ नगरपालिका/गाउँ विकास समितिको कार्यालयमा दिनु भएको निवेदन उपर कारवाही हुँदा शिक्षा नियमावली २०५९ प्रारम्भिक र बालविकास कार्यक्रम सञ्चालनसम्बन्धी निर्देशिका २०६१ अनुसारको पूर्वाधार पूरा गरेको र यस गाउँ विकास समिति/नगरपालिकाको नक्साङकनमा परेकोले मिति.................... देखि पूर्वप्राथमिक कक्षा/प्रारम्भिक बाल विकास केन्द/शिशु विकास केन्द्र ............... सञ्चालन गर्न यस समिति/कार्यालयको मिति...................को निर्णयअनुसार अनुमति प्रदान गरिएको छ ।

अनुमति प्रदान गर्नेको

सही :–

नाम :–

पद :–

मिति :–

**बोधार्थ**

श्री जिल्ला शिक्षा कार्यालय

## अनुसूची – ३
### (निर्देशिकाको खण्ड ३.४ संग सम्बन्धित )

शिक्षा नियमावली २०५९ को नियम ६८ अनुसार केन्द्र खोल्न पूरा गर्नु पर्ने पूर्वाधार–

(क) फराकिलो, खुल्ला, शान्त, सुरक्षित भवन भएको ।

(ख) भवनबाहेक कम्तीमा आधा रोपनी वा एक कट्ठा जग्गा भएको ।

(ग) बाल उद्यान/ क्रिडास्थलको व्यवस्था भएको ।

(घ) सफा र स्वच्छ खानेपानी र शौचालयको व्यवस्था भएको ।

(ङ) कम्तीमा दुई जना सहयोगी भएको ।

## अनुसूची ४

**(निर्देशिकाको खण्ड ५.१ संग सम्वन्धित)**

## आवद्धताकोलागि दिने निवेदन

मिति:

**विषय** : आवद्धताको स्वीकृति पाउँ ।

श्री ........................................ गाउँ विकास समिति / नगरपालिका कार्यालय

............

.................................... मा सञ्चालित यस .......................... प्रारम्भिक बालविकास केन्द्रलाई ..................... विद्यालयसँग आवद्ध भई सञ्चालन गर्ने अनुमति पाउन उक्त विद्यालयको सिफारिस सहित आफ्नो केन्द्र व्यवस्थापन समितिको निर्णय संलग्न राखी यो निवेदन पेश गरेका छौं ।

यस केन्द्रलाई आवद्धता दिई सञ्चालन गर्न यस विद्यालयको स्वीकृति भएको व्यहोरा सिफारिससाथ अनुरोध गर्दछौं ।

| | | |
|---|---|---|
| ...................... | ......................... | ......................... |
| प्रधानाध्यापक | सदस्य-सचिव | अध्यक्ष |
| ................ विद्यालय । | केन्द व्यवस्थापन समिति | केन्द्र व्यवस्थापन समिति |

## अनुसूची – ५
### (निर्देशिकाको खण्ड ३.३ सँग सम्बन्धित)
### आवद्धताको प्रमाणपत्रको ढाँचा

श्री................महा/उप/नगरपालिका/गाउँ विकास समिति..................

श्री ...........................................................बाल विकास केन्द्र ।

मिति ............

### आवद्धताको प्रमाणपत्र

यस गाउँ विकास समिति/..................नगरपालिकाको वडा नं....मा सञ्चालन भएको त्यस प्रारम्भिक बालविकास केन्द्रले दिएको निवेदन र.................विद्यालयको सिफारिसको आधारमा प्रारम्भिक बाल विकास सञ्चालनसम्बन्धी निर्देशिका २०६१ अनुसार त्यस केन्द्रलाई.................... विद्यालयसँगे मिति.............. देखि आवद्ध गरी सञ्चालन गर्न अनुमति प्रदान गरिएको छ ।

.......................................

प्रमुख<br>
नगरपालिका/गा.वि.स.<br>
वा<br>
कार्यकारी अधिकृत/सचिव

बोधार्थ :<br>
श्री जिल्ला शिक्षा कार्यालय ....................

अनुसूची ६
(निर्देशिकाको खण्ड ९.२ संग सम्बन्धित)
नमुना बाल विकास केन्द्र
प्रमाणपत्र
श्री ५ को सरकार
जिल्ला शिक्षा कार्यालय.......

मितिः...............

श्री ...........................................

...........................................

शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभागद्वारा तयार गरिएको मापदण्डअनुसार मूल्याङ्कन गर्दा त्यस बाल विकास केन्द्र/शिशु विकास केन्द्र/पूर्व-प्राथमिक विद्यालयलाई................को लागि नमुना बाल विकास केन्द्रको रुपमा छनोट भएकोले यो प्रमाणपत्र प्रदान गरिएको छ। हरेक वर्ष हुने मूल्याङ्कनमा त्यस केन्द्रलाई नमुनाकै रुपमा कायम रहिरहन सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछौं।

..................................
सदस्य सचिव
जिल्ला प्रारम्भिक बालविकास समिति
..................................

..................................
अध्यक्ष
जिल्ला प्रारम्भिक बालविकास समिति
..................................

नविकरण विवरण

| साल | उत्कृष्टताको स्तर | अधिकारीको दस्तखत र मिति |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |